# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

# SEROPHERO

अंक २०७९।०८०।१० | २०८० बैशाख


**Statement of patients flow for the month of Chaitra 2079**

| OPD | Total Reg | Fullow up Within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **2716** | **679** | **3395** |
| **Special OPD** | | | |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 3427 | 857 | **4284** |
| INTERNAL MEDICINE | 7514 | 1879 | **9393** |
| OBSTETRICS & GYNAECOLOGY | 5757 | 1439 | **7196** |
| SURGERY | 5200 | 1300 | **6500** |
| CARDIOLOGY | 1689 | 422 | **2111** |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1285 | 321 | **1606** |
| PULMONARY,CRITICAL CARE & SLEEP MEDICINE | 1067 | 267 | **1334** |
| DENTAL | 3017 | 754 | **3771** |
| DERMATOLOGY & VENEREOLOGY | 4058 | 1015 | **5073** |
| ENT OTORHINOLARYNGOLOGY & HEAD & NECK SURGERY | 3633 | 908 | **4541** |
| OPHTHALMOLOGY | 1756 | 439 | **2195** |
| ORTHOPAEDICS | 5732 | 1433 | **7165** |
| PSYCHIATRY | 1895 | 474 | **2369** |
| OTHER DEPARTMENT in Midas software ( Come for Investigation purpose only) | 1385 | 346 | **1731** |
| CARDIO THORACIC AND VASCULAR SURGERY (CTVS) | 134 | 34 | **168** |
| **Sub Total** | **47549** | **11887** | **59436** |
| **EMERGENCY** | | | |
| Central | 3280 | 0 | **3280** |
| GYNAE EMERGENCY | 1050 | 0 | **1050** |
| PAEDIATRICS EMERGENCY | 1279 | 0 | **1279** |
| **Sub Total** | **5609** | 0 | **5609** |
| **Grand Total :** | **55874** | 0 | **68440** |
| Paying (EHS) | 3319 | 830 | **4149** |
| Nepal Govt Social Insurance | 26166 | 6542 | **32708** |
| Other Scheme | 26389 | 0 | **26389** |
| **Ward IPD** | **4002** | **0** | **4002** |
| ICU/CCU/DICU/SICU | **191** | | |
| NICU/PICU/MICU/Nursery | **126** | | |
| Dialysis | **1327** | | |

***Source: Medical Record Section &Matron's  Office***

## नयाँवर्ष २०८० सालको अवसरमा पदाधिकारीहरुबाट शुभकामना सँदेश

**प्रा.डा.संजिव कुमार शर्मा**
**निमित्त उपकुलपति तथा शिक्षाध्यक्ष**



नयाँ वर्ष २०८० सालको शुभउपलक्ष्यमा प्रतिष्ठानका सम्पूर्ण पदाधिकारी, स्कुल/कलेज/विभागीय चिफ/प्रमुख, महाशाखा/शाखा प्रमुख, प्राध्यापक, शिक्षक, चिकित्सक, प्रशिक्षक/प्रशिक्षार्थी, कर्मचारी एवम् विद्यार्थीवर्गहरुमा सुःख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रतिष्ठानका शिक्षक/कर्मचारीहरुको अद्यावधिक वृत्तिविकास एवम् शैक्षिक उन्नयनबाट उच्च मनोबलका साथ आफ्नो कर्तव्य इमान्दारी एवम् जिम्मेवारीपूर्वक वहन भई प्रतिष्ठानको विकास र विस्तारमा टेवा पुगी शिक्षक/कर्मचारीहरुको समेत समुच्च प्रगतिमा यस नयाँ वर्षले थप उर्जा तथा गतिशिलता प्रदान गरोस् भन्ने कामना गर्दछु । साथै, प्रतिष्ठानमा स्वास्थ्यपोचारका लागि आउने सेवाग्राहीहरुलाई आउने दिनहरुमा सरल, सुलभ र सहज रुपमा सेवा उपलब्ध हुने आशा एवम् विश्वास व्यक्त गर्दछु ।

**प्रा.डा.सूर्य प्रसाद संग्रौला**
**रजिष्ट्रार**



नव वर्ष २०८०सालको अवसरमा प्रतिष्ठानका पदाधिकारी, शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग तथा सम्बद्ध सबैमा सुःख, शान्ति, समृद्धि एवम् सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रतिष्ठान हामी सबैको गौरब एवम् राष्ट्रकै गहना हो । प्रतिष्ठानले स्थापनाकालदेखि हालसम्म हासिल गरेका उपलब्धिहरुमा यहाँ कार्यरत शिक्षक, कर्मचारी एवम् सम्पूर्ण प्रतिष्ठान परिवारको योगदान रहेको छ । यसको विकास तथा सुसंचालनको जिम्मेवारी हामी सबैको काँधमा रहेको कसैमा दुईमत छैन । प्रतिष्ठान अहिले जटिल, नाजुक एवम् चुनौतिपूर्ण अवस्थाबाट गुज्रिरहेकोछ ।

### नयाँ वर्षको हार्दिक शुभकामना

नयाँ वर्ष २०८० सालको शुभउपलक्ष्यमा प्रतिष्ठानका सम्पूर्ण पदाधिकारी, चिफ/प्रमुख, प्राध्यापक, शिक्षक, चिकित्सक, प्रशिक्षक/प्रशिक्षार्थी, कर्मचारी एवम् विद्यार्थीवर्गहरुमा सुःख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सूचना तथा सञ्चार केन्द्र**

प्रतिष्ठान एउटा स्वशासित स्वायत संस्था भएता पनि नेपाल सरकारले निर्धारण गरे बमोजिमका स्वास्थ्य तथा शैक्षिक नीति तथा कार्यक्रमहरुको समेत पालना र कार्यान्वयन गर्नुपर्ने दायित्व एवं कोरोना महामारीले पारेको प्रभावका कारण प्रतिष्ठानको वित्तीय अवस्थामा संकुचित असर गर्न गई यसको संचालन नै ऋणात्मक बजेटबाट गर्नुपर्ने बाध्यकारी परिस्थितिको श्रृजना भएकोछ ।

अर्कोतिर, प्रतिष्ठानको व्यवस्थापकीय र प्रशासनिक क्षेत्रमा पनि समयसापेक्ष सुधार एवम् सुदृढीकरणको उत्तिकै खाँचो महसुस गरिएकोछ । यसै सन्दर्भमा, प्रतिष्ठानको ऐन र नियमावलीको संशोधन/परिमार्जनको कार्य अन्तिम चरणमा रहेकोछ भने संरचनात्मक सुधार र सुदृढीकरणका लागि संगठनात्मक एवम् व्यवस्थापकीय सर्वेक्षण (O&M Survey)को कार्य सम्पन्न भइसकेकोछ । प्रतिष्ठानका शिक्षक/कर्मचारीहरुको पदोन्नति गर्नका लागि आन्तरिक विज्ञापन प्रकाशित गरि अन्तर्वार्ता तयारीको अन्तिम चरणमा रहेकोछ । यसबाट शिक्षक/कर्मचारीको मनोबल उच्च बनाउने कार्यमा सहयोग पुग्ने विश्वास लिइएकोछ ।

अन्त्यमा, प्रतिष्ठानको दिगो विकास र विस्तारका लागि सबैको आपसी सहयोग र सहकार्य अपरिहार्य रहेकोले नेपाल सरकारबाट पनि प्रतिष्ठानलाई अपेक्षित बजेट विनियोजन गरी सहयोग एवम् प्रतिष्ठानका पदाधिकारी,शिक्षक/कर्मचारीहरुले इमान्दारी एवम् जिम्मेवारीपूर्वक आ-आफ्नो कर्तव्यको पालना गरेमा आगामी दिनमा प्रतिष्ठान सहज तथा सुव्यवस्थित रुपमा संचालन हुने आशासहित पुनः हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

**डा.जगत नारायण प्रसाद**

**अस्पताल निर्देशक**



यस प्रतिष्ठानमा कार्यरत पदाधिकारी, शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग तथा सम्बद्ध सबैमा नयाँ वर्ष २०८० सालको हार्दिक मंगलमय शुभकामना तथा यहाँहरुको सुःख, शान्ति, समृद्धि एवम् सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रतिष्ठान एउटा स्वशासित संस्था रहेको र प्रतिष्ठानले हालसम्म हासिल गरेको उपलब्धिहरुमा यहाँ कार्यरत शिक्षक, कर्मचारी एवं सम्पूर्ण प्रतिष्ठान परिवारको योगदान रहेको छ । प्रतिष्ठानले लिएको लक्ष्य र उदेश्यलाई पूर्णरुपमा उचाईमा पुऱ्याउन नव वर्ष २०८० ले हामी सबैमा अझ बढी इमानदारीता, कर्तव्यनिष्ठ बनाउने छ भन्ने आशा र विश्वास लिंदै पुनः हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

## महामहिम राष्ट्रपतिबाट प्रतिष्ठानका प्राध्यापकहरु विभूषित



महामहिम राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार नयाँ वर्ष २०८० को अवसरमा शितल निवासमा आयोजित विशेष समारोहमा प्रतिष्ठानका वरिष्ठ प्राध्यापकद्वय प्रा.डा.संगिता भण्डारी एवम् प्रा.डा.पशुपति चौधरीलाई सुप्रबल जनसेवाश्री पदकबाट विभूषित गर्नु भएको छ ।

प्रा.डा.संगिता भण्डारी प्रतिष्ठानको नाँक, कान र घाँटी विभागकी वरिष्ठ प्राध्यापक हुन भने प्रा.डा.पशुपति चौधरी हाडजोर्नी विभागका वरिष्ठ प्राध्यापक हुन ।

वहाँहरुलाई स्वास्थ्य सेवा, अनुसन्धान र प्राज्ञिक क्षेत्रमा अनवरत सेवा गरे वापत सुप्रबल जनसेवाश्री पदकबाट विभूषित गरिएको हो ।

## SWOT analysis for Antimicrobial Stewardship Program" सम्बन्धी कार्यशाला सम्पन्न

प्रतिष्ठानको माइक्रोबायोलोजी विभागको संयोजन तथा The Fleming Fund Country Grant Nepal को आयोजनामा SWOT analysis for Antimicrobial Stewardship Program" सम्बन्धी एकदिने कार्यशाला गोष्ठी, २०७९ चैत्र ६ का दिनप्रतिष्ठानको Health Professions Education हलमा सम्पन्न भएको थियो । Antimicrobial Stewardship Program (AMSP) सम्बन्धी अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन कार्ययोजना तर्जुमा गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रमका संचालक माइक्रोबायोलोजी विभागका प्रमुख डा.नारायण राज भट्टराई रहनु भएको थियो । उक्त गोष्ठीमा प्रतिष्ठानका विभागीय प्रमुखहरु, अस्पताल सेवासँग जोडिएका व्यवस्थापक तथा नर्सहरु, Hospital Infection Control Committee का सदस्यहरु लगायत IPC Member हरु समेत गरी ३० जनाको सहभागीता रहेको उक्त गोष्ठीमा प्रतिष्ठानका निमित्त उपकुलपति तथा शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माले शुभकामना मन्तव्य दिनुभएको थियो भने कार्यक्रमको सहजिकरण FHI 360 की प्रा.डा.रितु अमात्यले गर्नुभएको थियो । माइक्रोबायोलोजी विभागकी वरिष्ठ प्राध्यापक डा.बसुधा खनालले उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापनसहित कार्यक्रम समापन भएको थियो ।

उक्त गोष्ठीले मेडिसिन विभागका प्रमुख डा.रोबिन मास्केलाई Antibiotic Champion को रुपमा चयन गर्दै AMSP कमिटीको निर्माणका लागि अस्पताल प्रशासनसँग समन्वय गर्न जिम्मेवारी दिएको छ ।

## गुणस्तर नियन्त्रण उपसमितिको संयोजकमा डा.पराजुली

प्रतिष्ठानको नियमावली २०५५ को परिच्छेद ४, नियम ४.१ म उल्लेखित समितिको अन्य काम, कर्त्तव्य र अधिकार र यसको उपनियम (१५) को प्रयोग गरी प्रतिष्ठानको आवश्यकता बमोजिम खरीद

भई आउने मेशिन, उपकरण तथा अन्य सरसामानहरु निर्धारित नीति अन्तर्गत माग गरे बमोजिम उपयुक्त परिमाण र गुणस्तरयुक्त भए नभएको आवश्यक जाँचबुँझ तथा यकिन गरी स्टोर दाखिला तथा बील भुक्तानी प्रक्रियाका लागि सिफारिस गर्न, कार्यकारिणी समितिको निर्णय वमोजिम प्रोस्थोडोन्टिक्स विभागका एसोसिएट प्रोफेसर डा.प्रकाश कुमार पराजुलीको संयोजकत्वमा गुणस्तर नियन्त्रण उपसमिति गठन भएको छ । स्टोर शाखा प्रमुख (आवश्यकता अनुसार जेनरल /मेडिकल /डेन्टल/ फार्मेसी शाखा प्रमुख) सदस्य सचिव रहने उक्त उपसमितिको सह-संयोजक जेनेरल प्राक्टिस एण्ड इमरजेन्सी मेडिसिन विभागका एसोसिएट प्रोफेसर डा.रितेश चौधरी रहनु भएको छ । त्यसैगरी समितिको सदस्यहरुमा फर्माकोलोजी विभागका एसोसिएट प्रोफेसर डा.दिपेन्द्र सर्राफ, मेट्रोन, नर्सिङ्ग सेवा, अस्पताल प्रशासन महाशाखाका सुपरभाइजर अशोक शाह, प्याथोलोजी विभागका ल्याब टेक्नोलोजिष्ट विष्णु कार्की, सम्बन्धित ईन्जिनियरिङ्ग शाखाका प्रमुख (आवश्यकता अनुसार इलेक्ट्रिकल/ इलेक्ट्रोमेड/कम्प्यूटर /सिभिल) रहनु भएको छ । उपसमितिको कार्यकाल मिति २०७९ चैत्र २१ गतेदेखि लागू भई एक वर्षका लागि हुनेछ । यस भन्दा अघि उक्त उपसमितिको संयोजकमा सर्जरी विभागका एडिसनल प्रोफेसर डा.सुरेश साह रहनुभएको थियो ।

## निःशुल्क स्वास्थ्यपरीक्षण शिविर सम्पन्न

प्रतिष्ठानको प्राविधिक सहयोगमा उदयपुर जिल्लाको बेलका नगरपालिकाको आयोजनामा २०७९ फाल्गुन १४ र १५ गते बेल्टार र बेलका नगरपालिकामा निःशुल्क स्वास्थ्य परीक्षण शिविर सम्पन्न भएकोछ । दुई दिवसीय शिविरमा स्थानीय सर्वसाधारणको मुटुरोग, उच्च रक्तचाप, मधुमेह, नांक/कान/घाँटी तथा दन्त रोग/स्वास्थ्य सम्बन्धी स्वास्थ्य परीक्षण गरी आवश्यक औषधोपचार र परामर्श सेवा प्रदान गरिएकोछ । उक्त शिविरमा २१० जनालाई नांक/कान/घाँटी, ४६ जनालाई दन्त स्वास्थ्य तथा अधिकांशलाई मुटुरोग, उच्च रक्तचाप र मधुमेह सम्बन्धी उपचार सेवा पुऱ्याइएको थियो । शिविरमा प्रतिष्ठानका डा.राजन थापा र डा.सरोज श्रेष्ठले मुटुरोग/उच्च रक्तचाप/मधुमेह, डा.सुवर्ण श्रेष्ठले नांक/कान/घाँटी तथा डा.उर्मिला पौडेलले दन्त स्वास्थ्य उपचार सेवा गरी सहयोग गर्नु भएको थियो ।

## अस्पताल सेवा तर्फ थप विस्तार एवम् सुधारका कार्यहरुः

प्रतिष्ठानमा उपचारका लागि आउने विरामी एवम् तिनका आफन्तहरुलाई सरल एवम सहज रुपमा सेवा उपलब्ध होस् भन्ने हेतुले अस्पताल सेवामा देहाय वमोजिम थप विस्तार एवमु सुधारका कार्यहरु गरिएको छ :

- वार्डमा भर्ना भएका विरामीहरुको सुविधालाई ध्यानमा राखेर मिति २०७९/१२/१३ गतेदेखि CSSD नजिक (अर्थो वार्ड जाने बाटो) नयाँ नगद बिल काउन्टर थप गरि बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म संचालनमा ल्याइएकोछ । सार्वजनिक विदाका दिनमा भने इमर्जेन्सी बिल काउन्टरबाट सेवा उपलब्ध हुनेछ ।
- प्रतिष्ठानको पेइङ्ग सेवा (EHS)को पूर्जी दर्ता र बिलिङ सम्बन्धी कार्य SOPD भवनको काउन्टरबाट भई रहेकोमा मिति २०७९/१२/१५ गतेदेखि उक्त कार्य GOPD भवनमा रहेको काउन्टरबाट संचालन हुने गरि व्यवस्था मिलाइएकोछ ।
- प्रतिष्ठानमा उपचारका लागि आउने सेवाग्राहीहरुको सुविधालाई मध्यनजर गर्दै मिति २०७९/१२/२६ गतेदेखि जाँच/परीक्षणको शुल्क अनलाइन QR Code मार्फत तिर्न सकिने गरि व्यवस्था गरिएको छ ।
- प्रतिष्ठानको सघन उपचार सेवाको बेड संख्या र बिरामी भर्ना बारे सर्वसाधारणको जानकारीका लागि इमर्जेन्सी भवन अगाडि Digital Diplay को व्यवस्था गरिएको छ ।
- प्रतिष्ठानका सूचना/परिपत्र सर्वसाधरणलाई सूचित गराउने उद्देश्यले GOPD भवन अगाडि सार्वजनिक सूचना पाटी राखी व्यवस्था मिलाइएको छ ।

## स्व.डा.भुवन गोविन्द श्रेष्ठमा श्रद्धासुमन अर्पण




स्व.डा.भुवन गोविन्द श्रेष्ठको जन्म कोशी अञ्चल, सुनसरी जिल्ला तत्कालिन धरान वडा नं.६ मा वि.सं. २०३०/०९/०७ गते भएको थियो । वहाँको माध्यामिक तहसम्मको शिक्षा धरानमा पुरा भएको थियो भने अमृत साइन्स क्याम्पस, काठमाण्डौबाट आई.एस्सी.उत्तीर्ण गरि काठमाण्डौ विश्वविद्यालय, मनिपाल कलेज अफ मेडिकल साइन्सेस, पोखराबाट एम.बी.बी.एस.र प्रतिष्ठानबाट नै अफ्थाल्मोलोजी विषयमा स्नाकोत्तर उत्तीर्ण गर्नुभएको थियो । वि.सं.२०६४/०४/२९ देखि बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सेवा प्रवेश गरी सिनियर रेसिडेन्ट/लेक्चरर, एसिस्टेन्ट प्रोफेसर हुँदै एसोसियट प्रोफेसर पदमा स्व.श्रेष्ठले अफ्थाल्मोलोजी विभागका विभागीय प्रमुखको जिम्मेवारी समेत सम्हाली सक्नुभएको थियो ।

आफ्नो पेशाप्रति निःश्वार्थ रुपमा समर्पित, वहाँ प्रतिष्ठानका एक कुशल लोकप्रिय शिक्षक तथा चिकित्सकको रुपमा चिरपरिचित हुनुहुन्थ्यो । मिति २०७९/१२/३० का दिन ४९ वर्षको उमेरमा वहाँको असामयिक निधनबाट प्रतिष्ठानले आफ्नो एउटा कुशल शिक्षक चिकित्सक गुमाएको छ । यस दुःखद घडीमा शोक सन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दै उहाँप्रति प्रतिष्ठान परिवार भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ ।

## हार्दिक श्रद्धाञ्जली



**स्व.डिल्लीराम पोखरेल**

यस सूचना तथा संचार केन्द्रमा कार्यरत हाम्रा प्रिय सहकर्मी निरज पोखरेलको प्रातः पुजनीय पिताश्री स्व.डिल्लीराम पोखरेलको यही २०८० बैशाख ४ गते सोमवारका दिन भएको असमायिक निधनले हामी सबैलाई अत्यन्त दुःखी एवम् मर्माहित तुल्याएकोछ । यस दुःखद घडीमा वहाँको शोक सन्तप्त सम्पूर्ण परिवारलाई ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी स्व.पिता प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौ ।

**-सूचना तथा सञ्चार केन्द्र परिवार**

**OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal**

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| **Ophthalmology (Eye)** | Prof. Dr. Poonam Lavaju | Dr. Santosh Chaudhary | Dr. Shailesh Mani Pokharel | Dr. Shailesh Mani Pokharel | Prof. Dr. Poonam Lavaju | Dr. Santosh Chaudhary |
| | Dr. Sangita Sah | Dr. Santosh Chaudhary | Dr. Sangita Shah | Dr. Santosh Chaudhary | Dr. Sangita Sah | |
| | Dr.Shailesh Mani Pokharel | | | | | |
| **Psychiatry** | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| **Orthopedics** | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan |
| | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu |
| | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung |
| **Internal Medicine** | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhupendra Shah | Dr. Prashant Mani Tripathi | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | |
| **Cardiology** | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| **Gastroenterology& Hepatology** | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Denis Piyush | | | Dr. Denis Piyush | |
| **Pulmonology, Critical Care and Sleep Medicine** | Prof. Dr. Narendra Bhatta | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | Dr. Deebya Raj Mishra | | Dr. Deebya Raj Mishra | | | |
| **General Surgery** | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah |
| | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar |
| | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| **GI Surgery** | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| **CTVS** | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| **Otorhinolaryngology and Head & Neck Surgery (ENT)** | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya |
| **Dertamatology& Venerology** | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| **General Practice& Emergency Medicine** | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| **Obstetrics &Gynaecology** | Prof. Dr. Mohan Chandra Regmi | Prof. Dr. Mohan Chandra Regmi | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Tulasa Basnet | Dr. Tulasa Basnet | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manisha Chhetri | Dr. Manisha Chhetri | | |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dikshit) Thapa | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal | | | | |
| **Pediatrics& Adolescent Medicine** | Dr. Shyam Prasad Kafle | Dr. Shipra Chaudhary | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shankar Prasad Yadav | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | | | | | Dr. Mukesh Bhatta | Dr. Arun K. Singh |

**Status of Operations done in Falgun, 2079**

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 431 | 418 | 33 | 51 | 124 | 38 | **1095** |
| Obst. & Gynae | 353 | 40 | 3 | 0 | 93 | 11 | **500** |
| Emergency | 113 | 0 | 19 | 0 | 15 | 0 | **147** |
| Day Care | 0 | 0 | 24 | 46 | 56 | 143 | **269** |
| Derma * | 114 | 30 | 460 | 47 | 278 | 56 | **985** |
| **Total** | **1011** | **488** | **539** | **144** | **566** | **248** | **2996** |

**General OT : 2116** — ***Number of safe abortion care service done : 53***

**Paying OT: 880** — ***Number of cases done in Cardiac Catheterization Laboratory:***

**** Asthetic procedures included in minor:***

***Source: Office of the Metron***

**Patients Care Record of Covid- 19 Hospital, BPKIHS**
**(Month of Chaitra,2079)**

Total admission: 0
Total Discharge: 0
Total PCR Test: 52
Total Positive: 11
Total Follow Up Positive: 1
Death: 0

**Source: Covid Hospital & Dept. of Microbiology**

**सम्पादन समूह**

डा.अन्जु प्रधान, प्रवक्ता
डा.चुरामणी पोखरेल, सह-प्रवक्ता
अमृत प्रसाद ढकाल,जनसम्पर्क सल्लाहकार
दिव्यराज थापा, शाखा अधिकृत
निरज पोखेल, सिनियर क्लर्क
सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.eduspokesperson.bpkihs@bpkihs.edu